स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अभिनेता दिलीप रायमाझीकी छोरी दिब्याले नेपाली फिल्म 'एक्टर'बाट अभिनय करिअर थाल्दैछिन् । बैशाख २० गतेदेखि फिल्म छायांकन सुरु हुँदैछ र फिल्मी शुभसाइत गरिएको छ । मेरिल्याण्डको टाउसन विश्वविद्यालयमा संगीत, नृत्य र अभिनय विषयमा स्नातकोत्तर गरेकी दिब्या फिल्ममा करिअर बनाउने सोचसहित आएकी हुन् । नारीप्रधान फिल्ममा काम गर्न उनको इच्छा छ । अध्ययनका लागि अमेरिका गएकी दिब्या स्वदेश फर्किएर अब फिल्म करिअरमा ब्यस्त हुँदैछिन् ।

**आजको विचार...**



पासाङ शेर्पा

यसरी...

(दुई पेजमा)

अनमोल केसी स्टारर फेन्टासी-ड्रामा 'फर्की फर्की' नेपालसँगै अन्तर्राष्ट्रिय बजारमा रिलिज हुने भएको छ । निर्माता कम्पनी रोहित अधिकारी फिल्म्सले बुधबार विज्ञप्ति जारी गर्दै जेठ ११ गते यो फिल्म डायस्पोरामा पनि प्रदर्शन हुने जनाएको हो । सोहीअनुसार अहिलेसम्म हङकङ, अष्ट्रेलिया, जापान र दक्षिण कोरियाको प्रदर्शन अधिकार विभिन्न वितरण कम्पनीलाई प्रदान गरिएको जनाइएको छ । दक्षिण कोरियाको राइट नमस्ते फ्याफुल्ला नेपाल र कोरियन इन्टरटेनमेन्ट प्रालिले खरिद गरेको छ । भारतमा यो फिल्मलाई सुष्मा प्रोडक्सनले रिलिज गर्नेछ ।



❒ वर्ष २९ ❒अंक २६५ ❒ २०८१ वैशाख १३ गते बिहीबार 25 April 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### माओवादी केन्द्र पाल्पाको इन्चार्जमा पाण्डे



**पाल्पा,** वैशाख १२/नेकपा माओवादी केन्द्र पाल्पाको इन्चार्जमा नेत्रप्रसाद पाण्डे चयन भएका छन् । माओवादी केन्द्र लुम्बिनी प्रदेशको बैंठकले पाण्डेलाई इन्चार्जको जिम्मेवारी दिएको हो ।

पार्टीको वैकल्पिक केन्द्रिय सदस्य रहेका उनलाई पार्टीले जिल्ला इन्चार्जको जिम्मा दिएको जिल्ला संयोजक राजेन्द्र विकले जानकारी दिए । पाण्डेले लामो समयदेखि संगठन विस्तार र पार्टीलाई बलियो बनाउने दिशामा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । जसका कारण पार्टीले पाण्डेलाई इन्चार्जको जिम्मेवारी दिएको हो । पाल्पामा माओवादी राजनीतिक आन्दोलनमा पाण्डेयको भूमिका महत्वपूर्ण रहेको संयोजक विकको भनाई छ । पार्टीले जिल्लाको सह इन्चार्जमा चक्रव्यू थापालाई तोकेको छ ।

## 'जहाँ विपद् त्यहाँ लायन्स'

# इस्माका आगलागी पीडितलाई राहत

**रामचन्द्र रायमाझी**

**पाल्पा,** बैशाख १२/सामाजिक सेवामा क्रियाशिल रहेको लायन्स क्लव अफ पाल्पा रानीमहलले गुल्मी इस्माका लागलागी पीडितका लागि राहत सामाग्री वितरण गरेको छ । एरिया लायन्स क्लवहरुसँगको सहकार्यमा क्लवले आगलागी पीडितहरुका लागि बस्तीमै पुगेर राहत सामग्री वितरण गरेको हो ।

गत शनिबार नजिकैको जंगलमा लागेको डढेलो बस्तीमा आउँदा घरबार गुमाएका इस्मा गाउँपालिकाका-२ र ४ वडाका अग्निपीडितलाई घटनास्थलमा नै पुगेर क्लवले मंगलबार राहतका सामग्री वितरण गरेको छ । डढेलोबाट यहाँका ४० वटा घर र ४६ गोठ जलेका थिए । नजिकैको वनको डढेलो घरगोठमा पस्दा ७५ पशुचौपाया जलेर मरेका छन् । क्लवका पदाधिकारीहरुले टोलमै पुगेर पूर्ण क्षति भएका परिवारलाई चामल, तेल, साबुन, चिनी, चियापत्ति, दाल, नुन, सोयाविन, साबुन, कापी, कलम, ताउला, लिटो, चाउचाउ, चिउरा, बिस्कुट लगायतका राहत सामग्री वितरण गरेका थिए । उनीहरुले स्थानीय जनप्रतिनिधि, शिक्षक, सामाजिक व्यक्तिहरुको रोहबरमा उक्त राहत सामग्री वितरण गरेका हुन् । तत्कालका लागि पीडित परिवारलाई









राहत दिनका लागि एक महिनालाई पुग्ने खाद्यान्न सामग्रीसहित अन्य सामान वितरण गरिएको क्लवका अध्यक्ष कोशिस भण्डारीले बताए । उनले इस्मामा भएको आगलागीको घटनाले लायन्सलाई अत्यन्त दुखी बनाएको र घरबारविहीन भएकाहरुलाई थोरै भए पनि राहत पुगोस् भन्ने उद्देश्यले राहत सामग्री लिएर प्रभावित क्षेत्र पुगेको बताए । जहाँ विपद् त्यहाँ लायन्स भन्ने उद्देश्य बोकेर क्लव अगाडि बढेको लायन्स इन्टरनेश्नल डिष्ट्रिक ३२५ रिजन ३ का रिजन चियर पर्सन गंगाबहादुर खत्रीको बताए । उनले भने 'जहाँ विपद् आइलाग्छ, त्यहाँ लायन्स क्लव पुग्छ, पछिल्लो पटक इस्मामा आगलागीका कारण ठूलो भौतिक क्षति हुन पुगेको खबर पाउन साथ केही सहयोगी दाताहरुको सहयोगमा प्रभावित क्षेत्रमै पुगेर राहत बाँडेका हौं ।' खत्रीले स्थानीय सरकारसँगको समन्वयमा पीडितहरुलाई सामग्री दिइएको बताए । क्लवले वडा २ मा पूर्ण क्षति भएका १६, र ४ मा ८ घरपरिवारलाई राहत सामग्री वितरण गरेको हो ।

पालिका अध्यक्ष भगतसिंह खड्काले पीडित नागरिकहरुप्रति लायन्सले देखाएको सहयोग र सद्भावको प्रशंसा गर्दै धन्यवाद व्यक्त गरे । उनले प्रभावित क्षेत्रका नागरिकहरुका लागि स्थानीय सरकार, अन्य सरकारी निकाय, विभिन्न गैरसरकारी संस्थाहरुबाट प्राप्त राहत सामग्री बाडिएको बताए । अध्यक्ष खड्काले भने 'सुरुका दिनदेखि नै हामीले प्रभावित क्षेत्रमा वडाका जनप्रतिनिधिहरु खटाएर राहत र उद्दार कार्यमा लाग्यौं, अहिले लगभग प्रारम्भीक चरणको राहतको कार्य सकिएको छ ।' अबको चरण थप राहत र पुर्ननिमार्णका कार्यमा आफुहरु जुटेको उनको भनाई छ । अध्यक्ष खड्काले अहिले घर नभएकाहरुलाई आफन्त कहाँ र केही टहरामा व्यवस्थापन गरिएको भन्दै बर्खा अघि नै घर निर्माण सक्ने गरी योजना अगाडि बढाइएको बताए । उपाध्यक्ष पार्वती कुंवरले राहत वितरण कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन एकद्धार प्रणालीमार्फत राहत सामग्री वितरण गर्दै आएको बताईन् । उनले नगद जम्मा गर्नका लागि विपद् प्रकोप खातामा जम्मा गरिदिन आह्वान गरेको समेत जानकारी दिइन् । वडा २ मा पहिलो चरणको राहत सामग्री पर्याप्त मात्र पुऱ्याइएको वडा अध्यक्ष लोकनाथ आचार्यले बताए । उनले अहिले घर नभएका केही पीडितहरुलाई त्रिपाल टाँगेर अस्थायी टहरा निर्माण गरी राखेको र केहीलाई छिमेकीको घरमा व्यवस्थापन गरिएको बताए । वडा ४ का वडा अध्यक्ष राजु बस्नेतले पनि प्रभावित नागरिकहरुका लागि राहत वितरण गर्दै आएको बताए । उनका अनुसार अहिलेको आवश्यकता आवास निर्माण रहेकाले अन्य विकास निर्माणका काम रोकेरै भए पनि अगाडि बढाइने छ । अध्यक्ष बस्नेतले लायन्स क्वलले पीडितहरुका लागि गरेको सहयोगले ठूलो राहत मिल्ने विश्वास व्यक्त गरे ।

क्लवका अध्यक्ष कोशिस भण्डारी, पूर्व अध्यक्ष महेन्द्र पोखरेल, प्रथम उपाध्यक्ष राजेश भट्टराई, द्वितीय उपाध्यक्ष तुलबहादुर अधिकारी, सचिव करुणा काफ्ले, कोषाध्यक्ष विष्णु भण्डारी, लायन्स इन्टरनेश्नल डिष्ट्रिक ३२५ रिजन ३ का रिजन चियर पर्सन गंगाबहादुर खत्री, क्लवका सदस्यहरु तुल्सी काफ्ले, मधु पराजुली, पूर्ण थापा पत्रकार रामचन्द्र रायमाझी लगायतको टोली राहत सामग्री लिएर प्रभावित क्षेत्र इस्मा पुगेको थियो ।

## आज विश्व औलो दिवस




**पाल्पा,** वैशाख १२/ आज विश्व औलो दिवस विश्वभर विविध जनचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ । विश्व स्वास्थ्य संगठनको आह्वानमा सन् २००८ देखि यसका सदस्य राष्ट्रले अप्रिल २५ लाई विश्व औलो दिवसका रूपमा मनाउँदै आएका छन् ।

लामखुट्टेको टोकाइबाट सर्ने एउटा अत्यन्त जोखिमयुक्त यो रोग विरुद्धको दिवस संसारभर हरेक वर्ष मनाइन्छ । यसबारे सचेतनाका लागि नेपालमा पनि विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै औँलो दिवस मनाइँदै छ । यहाँ स्वास्थ्य संस्था, स्वास्थ्य क्षेत्रमा काम गर्ने संघ-संस्था अनि कर्मचारीहरूले विभिन्न कार्यक्रम मार्फत तथा घरदैलो जस्ता विभिन्न जनचेतना मूलक कार्यक्रमको आयोजना गरेर यो दिवसको बारेमा जानकारी फैलाउने गर्दछन् । यसबारे कतिपय विकासोन्मुख देशका नागरिकहरूमा चेतना स्तरको कमी, स्वास्थ्योपचारको अभाव, गरिबी अनि हेलचेक्राईका कारणले मृत्युको संख्या आशा गरे अनुरूप घट्न भने सकेको छैन ।

*(...बाँकी अन्तिम पेजमा)*

# निसीखोलाका असला माछा संकटमा

## माछा मारेरै जीविका चलाउनेहरु विस्थापित हुँदै

**गलकोट (बागलुङ),** वैशाख १२/ अवैध रुपमा माछाको चोरी सिकारी बढेपछि निसीखोलाका असला माछा संकटमा परेका छन् । करेन्ट लगाउने र विष हालेर माछा मार्ने गैरकानुनी कामका कारण निसीखोलामा माछा कम पाइन थालेको हो ।

माछा लोप हुन थालेपछि स्थानीयवासीको माछा मार्ने पेसासमेत संकटमा परेको छ । बागलुङको निसीखोला गाउँपालिका-२ देवीस्थान निवासी रामबहादुर पुनले १० वर्ष



निसीखोलाका माछा मारेर जीवन गुजारा गरे । उनले घर नजिकै बग्ने निसीखोलामा माछा मारेर जीवन गुजारा चलाउँदै आएकोमा अहिले निसीखोलामा माछा उत्पादनमा कमी आएको बताउँछन् । उनी पेसा संकटमा परेपछि दुबई जाने तरखरमा छन् । निसीखोलामा पाइने स्थानीय प्रजातीका असला माछा मार्ने, माछा मार्ने जाल बुनेर बिक्री गर्ने कार्य गर्दै आएकोमा माछा उत्पादनमा कमि आएपछि वैदेशिक रोजागरीमा जान थालेको पुनले बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

[illegible] [illegible]

जनचेतना

# सम्पादकीय

## विश्व औलो दिवसको सन्दर्भ

**विश्व औलो दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । औलो रोगबारे जनचेतना फैलाउने उद्देश्यका साथ प्रत्येक वर्ष अप्रिल २५ का दिन विश्वभर यो दिवस मनाउने गरिन्छ । 'एनोफिलिज' नामक लामखुट्टेको टोकाइका कारण औलो रोग फैलिने गर्छ । औलो फैलाउने लामखुट्टे प्रायः फोहोर तथा दूषित पानीमा बस्छ । विश्व स्वास्थ्य संगठनको एक तथ्यांक अनुसार औलो रोगबाट प्रत्येक वर्ष विश्वमा करिब ५० हजार मानिस प्रभावित हुने गर्छन् । जसमध्ये करिब २७ प्रतिशतको मृत्यु औलो रोगकै कारण हुने गर्छ । औलो रोगका कारण मृत्यु हुनेमा पाँच वर्षमुनिका बालबालिका धेरै छन् । यो रोगको जोखिममा मुख्यतया गर्भवती महिला तथा पाँच वर्ष मुनिका बालबालिका रहने गरेका छन् । संसारमा पाइने औलोको परजीविमध्ये दुई परजीवि प्लाज्मोडियम फाल्सिपेरम तथा प्लाज्मोडियम भाइभेक्स जातको परजीविमात्र नेपालमा पाइन्छ । यसमध्ये प्लाज्मोडियम फाल्सिपेरम गराउने औलो रोग बढी कडा तथा खतरनाक हुन्छ ।**

**सबै जनतालाई निःशुल्क, प्रभावकारी, गुणस्तरीय सेवा पुऱ्याउँदै सन् २०२५ सम्ममा नेपालले औलो रोगमुक्त देश बनाउने लक्ष्यका साथमा विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । स्वास्थ्य संस्था र सरोकारवाला निकायले औलो निवारण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै आएपनि नेपालमा औलोको प्रकोप कायमै छ । यसो हुनु दुखद् हो । औलो उन्मूलनका लागि भन्दै करोडौं रकम खर्च गरिएको छ तर परिणाम भने नगन्य रुपमा हुनु पक्के पनि राम्रो होइन । औलो रोग लाग्न नदिनु लामखुट्टेको टोकाईबाट जोगिनु नै हो । त्यसको लागि लामखुट्टेको विकास र जीवनचक्र नाश गर्नु नै सबैभन्दा उत्तम उपाय हो । पानी जम्ने स्थानहरू कम गर्ने, बासस्थान नष्ट गर्ने, लामखुट्टेको लार्भा नाश गर्ने, लामखुट्टेको टोकाइबाट जोगिने, राति सुत्दा सधैं झुल प्रयोग गर्नुपर्दछ । शरीरका खुला अंगहरूमा लामखुट्टेबाट बच्न सकिने मलम लगाउने उपयोगी स्प्रे, लिक्विड, म्याट आदि पनि प्रयोग गर्न सकिन्छ । अर्कोतर्फ घर–घर, समुदायहरुमा जनचेतना फैलाउनु, शंकास्पद बिरामीले तुरुन्त परीक्षण गर्ने जस्ता कुरामा ध्यान दिन सके मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।**

## Opinion @ Social Network

शत्रुले आफुतिर हानेको ढुङ्गा बटुलेर घर बनाउने क्षमता राख्नुहोस्
जिन्दगीले आफैं काचुली फेर्नेछ...।
*(निर्मला रानाको फेसबुक स्टाटस https://www.facebook.com/Nirmala.rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यसरी बन्छ बलियो काँग्रेस



**पासाङ शेर्पा**

नेपाली कांग्रेस सबै परिवर्तनको नेतृत्व गरेको, मुलुकको सबैभन्दा पुरानो र आज पनि संसदमा ठूलो पार्टी छ । कांग्रेसको पार्टी जीवनमा अनेक आरोह अवरोहहरू छन् । असाध्यै संगीन संकटका घडीदेखि सत्ता सयरका गजब आनन्दका दिनहरू पनि छन् । पार्टी धान्न मुस्किल भएका चरम आर्थिक संकट र निर्वासनमा बस्दा सातु र चना पानीसँग खाएर कष्टपूर्ण जीवन निर्वाह गरेका दिनहरू पनि छन् । मारिनु, बेपत्ता पारिनु, सर्वश्वहरण हुनु, निर्वासनमा जान बाध्य पारिनु, कांग्रेस भएकै कारण जीवनलीला समाप्त गरिनु जस्ता अनेक दुरुह अवस्था पार गर्दै कांग्रेस यहाँसम्म आइपुगेको हो । यी सबै कुराको पछाडि एउटा मूख्य कारण र केही पूरक कारणहरू थिए । कांग्रेससँग सबैभन्दा ठूलो र महत्वपूर्ण पूँजी थियो नैतिक पूँजी, देशलाई प्रजातान्त्रिक लिकमा लैजाने वैचारिक धरातल थियो । जति कष्ट र जति लोभ देखाए पनि नगल्ने नेताहरूमा आत्मविश्वास र सैद्धान्तिक निष्ठा थियो । कांग्रेस धेरै पटक हार्यो, आफैसँग हार्यो, आफ्नाले दिएको धोकासँग हार्यो, राजासँग हार्यो, कम्युनिष्ट पार्टीहरूसँग चुनाव हार्यो तर राजनीति कांग्रेसले हारेको थिएन र आज पर्यन्त अपवाद बाहेक कांग्रेसले शिर झुक्ने गरी राजनीति हारेको छैन । केही तलमाथि परेका छन्, केही प्राविधिक र सैद्धान्तिक त्रुटि भएका छन् तर कांग्रेसको निरन्तरको निष्ठा हारेको छैन र कसैसँग सम्झौता गरेको छैन । यदाकदा चिप्लेर लडेको कांग्रेससँग हिलो पुछेर, धुलो टक्टक्याएर, मर्केको खुट्टामा व्याण्डेज लगाएर हिँड्ने सामर्थ्य छ । कांग्रेसमा परेको घाउ पुरिएर स्वस्थ्य कांग्रेस बन्ने सम्भावना जहिल्यै ज्यूँका त्यूँ छ । कांग्रेसलाई समयानुकूल बनाएर लैजाने नेतृत्वमा युवाहरू छन् सबैभन्दा ठूलो कुरा कांग्रेसका । ८ लाख ६९ हजार ५५१ क्रियाशील सदस्य र क्रियाशील बाहेकका लाखौं कांग्रेस सदस्य छन् । १ लाख १४ हजार ५ सय २५ क्षेत्रीय प्रतिनिधि र जसमा ४० प्रतिशत महिलासहित समावेशी सहभागिता छ । ४७४३ महाधिवेशन प्रतिनिधिहरू छन् । आफ्ना पूर्वजको त्याग तपस्याको कारण कांग्रेसलाई माया गर्ने लाखौं जनसाधारणहरू छन् । १३ भ्रातृ र २६ शुभेच्छुक संस्थामा आबद्ध समर्पित सदस्यहरूको संख्या ठूलो छ ।

कांग्रेसको प्रतिकूल अवस्थामा पनि साथ र सहयोग गर्ने लाखौं जनसाधारण गाउँ गाउँमा छन् । जसले निरन्तर कांग्रेसलाई साथ दिएका छन् समर्थन गरेका छन् । गर्दन सेरिन तयार भएर पार्टीको निष्ठा आदर्श र साख बचाएर राख्ने मान्छेहरू छन् । तसर्थ कांग्रेसमा शक्तिको क्षय हुने कुनै गुन्जायस छैन । कांग्रेस पार्टीका महामन्त्री गगन थापाले महासमितिको बैठकमा पेश गरेको दस्तावेजमा भने झैं २०७८ मा सम्पन्न १४औं महाधिवेशनपछि केन्द्रदेखि ६७४३ वडा र त्यस अन्तर्गत रहेका रहेका हजारौं टोलसमितिहरू छन् । सम्पर्क समितिहरू छन् देशतभर मात्र होइन संसारभरका ३७ वटा जनसम्पर्क समिति मार्फत हजारौं सदस्य संगठित छन् । नेपाली कांग्रेस सबैभन्दा, ठूलो सांगठनिक संरचना भएको दल बनेको छ । कांग्रेसको चौधौ महासमिति बैठकमा नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले उल्लेख गर्नु भए झैं 'कांग्रेस हुनु भनेको अधिकारको आधार मात्र होइन, जिम्मेवारी र कर्तव्यबोधको दायित्व पनि हो' यसले कांग्रेस हुनुको औचित्य पुष्टि गर्दछ र आज सबैभन्दा खड्किने विषय नै अधिकारको कुरा गर्ने तर कर्तव्य र दायित्वबोध नगर्ने राष्ट्रिय चरित्र विकसित हुँदैछ । जसलाई कांग्रेसले चिरेर आफ्नो विशेष धरातल र उपस्थिति निर्माण गर्नु पर्नेछ । कांग्रेस हुनुको महत्व दर्साउनु छ । गगन थापाको प्रस्तावमा भनिएको छ: 'हरेक हातलाई काम र हरेक काँधलाई जिम्मेवारी' र कामको आधारमा मूल्याङ्कन र कार्यक्षमताको आधारमा जिम्मेवारी (सांगठनिक सुधार कार्ययोजना बुँदा नं. ३ उल्लेख ) यो मान्यता कांग्रेसले राम्रोसँग अवलम्बन गर्न सक्यो भने कांग्रेसलाई पछाडि फर्केर हेर्नुपर्ने स्थिति बन्दैन ।

काम र जिम्मेवारीको तालमेल मिलाउन सक्दा आजसम्म पूरा गर्न नसकिएका थुप्रै काम सम्पन्न हुनेछन् । कांग्रेसको भ्रातृ संगठन र शुभेच्छुक संगठनसहित स्वयं कांग्रेस ऊर्जामय हुनेछ र कांग्रेस संगठनमा नयाँ रक्तसंचार हुनेछ । देशमा नै नयाँ आशाको सन्देश फैलने छ । किनकि कांग्रेसले गर्ने हरेक निर्णयले आजसम्म देशलाई अगुवाई गरेका दृष्टान्तहरू छन् २००७ को क्रान्तिदेखि २०६२-०६३ सम्मका आन्दोलन र गणतन्त्र घोषणा २०६५ जेठ १५ सबैमा कांग्रेस नेतृत्वमा प्राप्त उपलब्धिहरू हुन् । हालको संविधान निर्माणमा पनि चार जना कम्युनिस्ट नेताहरू प्रधानमन्त्री हुँदा बन्न नसकेको काम स्वर्गीय सुशील कोइरालाको नेतृत्वमा सम्पन्न गरियो जतिबेला कोइराला कांग्रेस पार्टीको सभापति र प्रधानमन्त्री थिए । कांग्रेसको नेतृत्व व्यवस्था परिवर्तनको आन्दोलनमा खरो उत्रिएको इतिहास छ । यद्यपि कांग्रेस यदाकदा नचुकेको र सरकार संचालन गर्ने क्रममा बाटो नबिराएको पार्टी हो यो मेरो दाबी होइन । कांग्रेस कमजोरीसहित नै अन्य पार्टी दल र नेता भन्दा विशेष नेतृत्वदायी क्षमता भएको पार्टी भन्ने कुरा इतिहाससिद्ध विषय हो । कांग्रेसले चुनावअघि नै गठबन्धन गर्ने जुन नीति अख्तियार गर्यो त्यो दुर्भाग्यपूर्ण र ऐतिहासिक गल्ती हो । चुनावअघिको गठबन्धनले पार्टीको आफ्नो स्वत्व समाप्त हुनुको साथै प्रतिस्पर्धी क्षमतामा खिया लाग्दछ । जसको परिणाम २०७४ को स्थानीय चुनाव २०७९ को स्थानीय चुनाव र सै र प्रदेशको चुनावमा गरेर कांग्रेसले गम्भीर भूल गरिसकेको छ । त्यो भूलको प्रायश्चित कांग्रेसलाई पक्कै लाग्ने छ । लोकतन्त्रमा बहुदलीय व्यवस्थाको सौन्दर्य र मानक भनेको नै भिन्न भिन्न पार्टीको बीचमा प्रतिस्पर्धा र छनोट हुन्छ । कांग्रेसका संस्थापक नेता बीपीले पञ्चायत फाल्ने आन्दोलनसमेत कम्युनिस्टसँग मिलेर गर्न चाहेनन् तर आजको कांग्रेस कम्युनिस्टको बैशाखी बिना एक पाइला चाल्न आनाकानी गर्छ । पार्टी पनि स्वार्थ समूहकै बहुआयामिक र बृहत्तर रूप हो तर अहिले बन्ने र भत्किने समीकरण पार्टी एकता सानो स्वार्थ समूहको आपसी लेनदेन र विशेषत: उच्च ओहोदाका नेताहरूको स्वार्थको सौदाबाजी बन्यो । लोकतन्त्रको लागि भन्दै दल मिल्ने र चुनावमा गठबन्धन गर्ने कुरा केवल देखाउने दाँत भनेर बुझ्न सकिन्छ अन्तर्य नेताका आफ्ना मान्छे जिताउन र आफू सुरक्षित हुन गठबन्धनको चर्चा र अनिवार्यता देखिएको छ । अर्को पार्टीमा भोट नहाल्ने हो भने पार्टी छोडेर जान आफ्नै कार्यकर्तालाई धम्की दिने स्थिति आउनु कति लाज मर्दो कुरा हो ? तसर्थ यति धेरै अनैतिक बन्नुभन्दा पार्टीले चुनावमा पराजय बेहोर्ने कुरा सामान्य हो तर राजनीतिक सिद्धान्त आदर्श र प्रतिस्पर्धात्मक अवधारणा छोडेर चुनावमा गठबन्धन गर्नु हदैसम्मको अनैतिक कर्म हो । सरकार बनाउन बहुमत पुर्याउन अरू पार्टीको सहारा लिनु र चुनाव जित्नकै लागि अन्य पार्टीसँगको मोर्चाबन्दी बहुदलीय व्यवस्थाको मर्म, भावना, उदेश्य र सार्थकता विपरीत दुई फरक कुरा हुन् । असैद्धान्तिक, अनैतिक, अप्राकृतिक र असंगत कुरा छोडेर कांग्रेस आफ्नो लिकमा हिंड्ने, आगामी चुनाव एक्लै र आफ्नै सामर्थ्यले लड्ने र जनता तथा पार्टी कार्यकर्तालाई आफ्नै रुख चिन्हमा मतदान गर्ने वातावरणको सुनिश्चितता गर्ने महामन्त्री गगनकुमार थापाको संकल्प प्रस्ताव कांग्रेसले आफ्नो सार्वभौम पहिचान र लोकतन्त्रवादीको हैसियत जोगाउने उच्च विचार हो ।

नेपाली कांग्रेसको वैचारिक र लोकतान्त्रिक छविलाई यहाँसम्म ल्याई पुर्याउन महामानव बीपी कोइरालालले मार्गदर्शन गरेको विचारलाई निरन्तरता दिन शैलजा आचार्य, भीमबहादुर तामाङ, रामहरि जोशी, महेन्द्रनारयण नीधि र प्रदीप गिरीले खेलेको भूमिका अतुलनीय छ । त्यस्तै नरहरि आचार्य र वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल लगायतले दिएको वैचारिक आदर्श, गरेका आलोचनात्मक र रचनात्मक दृष्टिबोध हाम्रा गर्व गर्न लायक पूँजी र नैतिक तागतहरू हुन् । बदलिँदो परिस्थिति र विश्व परिवेशमा नेपाली कांग्रेसलाई गतिमय र विचारवान, आदर्शवान र अगुवा पार्टी बनाउन केही मानकहरू स्थापना गर्नु पर्ने देखिन्छ । पार्टीभित्र जमेर बस्ने गरेको नेतृत्वको जाम खुलाउन उदाहरण पेश गर्नु पर्नेछ । जसको लागि महामन्त्री विश्वप्रकाश शर्माद्वारा महाधिवेशनको हलमा प्रस्तावित एक्जिट पोलिसी सान्दर्भिक र सबै दलको लागि अनुशरणीय देखिन्छ । समसामयिक राजनीतिक प्रस्तावको दस्तावेजमा समेटिएको मूलत: १० बुँदे विषयमध्ये पनि यहाँ नेतृत्वको वहिर्गमन नीति बारेको व्यवस्थाबारे चर्चा गरौं । नेताको रिटायरमेन्ट सम्बन्धी प्रस्ताव र फर्मूला आजसम्म आएका सूत्रमध्ये वास्तविक छ । यसलाई बुँदा नं. ९ को (ख) मा व्यक्ति बहिर्गमनको पद्धति (एक्जिट पोलिस) मा समावेश गरिएको छ । शक्ति सहजै त्याग्ने र नयाँको लागि ढोका खोलिदिने वातावरण निर्माणको लागि हरेक पुराना दलमा नेतृत्व कहिले र कसरी फेर्ने र छोड्ने भन्ने विषय पेचिलो छ । अवसरको वितरणमा पनि जालझेल हुने र शक्तिकेन्द्रको मान्छे किचेन क्याबिनेटको मान्छेमात्र अनवरत अवसर पाइरहने प्रवृत्तिले दलहरूमा असन्तुष्टि, विद्रोह र अन्तर्घात जस्ता दुर्गुणहरू मौलाएका छन् । शक्तिकेन्द्रको नजिक रहने र प्रिय बन्नेको मात्र भागमा अवसर पर्नु र अन्य असन्तुष्टिको आगो बोकेर बस्नुपर्ने नीति र नियतिले पार्टीको हित कदापि गर्न सक्तैन । त्यसैले नेपाली कांग्रेसको महासमिति बैठकबाट पारित नेता विस्थापन र नयाँको प्रतिस्थापन नीति राष्ट्रको परिप्रेक्ष्यमा सामयिक र सान्दर्भिक देखिन्छ । तथापि महाधिवेशनको हलबाट पारित भए पनि केन्द्रीय समितिले परिमार्जन गरेर पास गर्ने र परिमार्जन गर्दा यसको मूल मर्म मारियो या विगतमा झैं नीति अधिवेशन र महासमितिले पास गरेको निर्णय उपेक्षा गरियो भने स्थिति आजकोभन्दा अरू खस्कने निश्चित छ ।

कांग्रेस केन्द्रीय समितिले नीति अधिवेशन र महासमिति बैठकको निर्णयलाई आत्मसात् गरेर नै महामन्त्री शर्माद्वारा प्रेषित नीति पास र कार्यान्वयन गर्ने विश्वास लिइन्छ । पार्टीहरूको घट्दै गएको जनमत, खस्कँदै गएको साख र टुट्दै गएको जनविश्वास (पार्टीहरूको निर्वाचनमा मत क्रमश: घट्दै गएको छ) लाई पुन: वृद्धि गर्न र यथास्थितिमा राख्न पनि केही आकर्षक र आवश्यक नीतिको आवश्यकता देखिन्छ । जसलाई कांग्रेसको नीति मन्थनले अनुमोदन गरेको छ । यथास्थितिमा जकडिएको कांग्रेसलाई यो नीतिले संजीवनी बुटी प्रदान गर्ने आशा गर्न सकिन्छ । नेताको अवकाश नीति भने सम्मानजनक र स्वेच्छिक हुनु वाञ्छनीय छ । नीतिको मर्म बुझेर र बोकेर नेताहरू अवकाशमा जानुमा जति मजा छ त्यति मजा विधि र विधानको डण्डा तेर्स्याएर जानुमा छैन । बारम्बार नैतिकता र नीतिको प्रश्न उठाउनुमा छैन । विधि बनेपछि त्यो विधिको पालना नैतिक धर्म, स्वेच्छिक कर्म बन्न सक्नुपर्छ । नेपाली कांग्रेस र दलित समुदाय बीचमा एउटा गर्विलो इतिहास छ । विसं २००९ सालमा जनकपुरमा सम्पन्न पाँचौं महाधिवेशनले नै दलित समुदायलाई भेदभाव गर्ने वा जातीय विभेद गर्नेहरूलाई पार्टीको सदस्यता नदिने निर्णय लिएको थियो । सो अधिवेशनले 'दलित समुदायले भोग्नु परेको जातीय छुवाछुत र विभेदलाई नेपाली कांग्रेसले दण्डनीय मानवीय अपराध' को रूपमा लिएको छ । त्यस्तैगरी राज्यका सम्पूर्ण अंक र तहमा बहिष्करणमा पारिएका समुदायको जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानून संशोधन गर्न नेपाली कांग्रेस प्रतिबद्धता व्यक्त गर्दछ । त्यसैगरी आदीवासी र जनजाति सम्बन्धमा कांग्रेसको धारणा पूर्णबहादुर खड्काले यसरी उल्लेख गरेका छन्: 'नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं नेता स्व.भीमबहादुर तामाङको संयोजकत्वमा गठित समितिको प्रतिवेदनलाई आत्मसात गर्दै "पहिचान भेटिने, द्वन्द्व मेटिने" नीति निर्माण गर्न नेपाली कांग्रेस प्रतिवद्ध छ ।

*-हाम्राकुरा डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धर्म, कर्ममा मन लाग्नेछ । उपकार गरेर अरुको मन जित्न सकिनेछ । | **तुला** : कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा पनि सफलता मिल्नेछ । |
| **वृष** : अचल सम्पत्ति हात पर्न सक्छ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । | **वृश्चिक** : यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला । |
| **मिथुन** : मनमा चञ्चलता बढ्नेछ, । साँझमा शुभ समाचार सुन्नमा आउला । | **धनु** :महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। सौन्दर्यतामा धन खर्च हुनेछ । |
| **कर्कट** : रोजगारको अवसर मिल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । | **मकर** : व्यवसायबाट लाभ हुनेछ । सन्तान प्राप्ति र प्रसन्नता छाउनेछ । |
| **सिंह** : मंगल कार्यको योग छ । पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । | **कुम्भ** : परिवारका सदस्यहरूबाट सहयोग पाइनेछ । रमणीय यात्राको योग पनि छ । |
| **कन्या** : उपहार पाइने सम्भावना छ । मनमा शान्ति पनि पनि छाउला । | **मीन** : यात्रामा बिघ्नबाधा आइलाग्न सक्छ । खानामा गडबडी हुन सक्छ । |




बालकथा

# एकलकाटे चमेरोको दुर्दशा



धेरै पहिलेको कुरा हो । एकपटक पशु र पक्षीहरूबीच कुनै विषयलाई लिएर मनमुटाव भयो । भनिन्छ, बिउ र निहुँलाई धेरै चाहिन्न, उसलाई टुसाउन मात्र बेर हो, झाङ्गिन वा फैलिन बेर लाग्दैन । यहाँ पनि यस्तै भयो । उनीहरूका मनमुटाव बढ्दै गएर युद्धको रूप लियो । पशुहरू एकातर्फ लागे, जहाँ बाघ, भालु, मृग, जरायोदेखि खरायोसम्मका थिए । पक्षीहरू अर्को पक्षमा उभिएर लड्न लागे, जहाँ चील, गिद्ध, वाज, सारसदेखि भँगेरा र जुरेलीसम्मका थिए तर चमेरोले भने कुन पक्षमा लाग्ने भन्ने निर्णय गर्न सकेन । पशुहरूका समूहमा लाग्न पक्षीजस्तो छु भन्थ्यो ।

पक्षीहरूका समूहमा लाग्न पशुजस्तो छु भन्ने ठान्थ्यो । चमेरो निष्क्रिय बसेको देखेर पक्षीहरूले आएर सम्झाउँदै भने- 'चमेरो भाइ ! यसरी एक्लै बस्नु राम्रो होइन । हामी सबै एउटै प्रजातिका हौं । एकअर्कामा आबद्ध भएर बस्नुपर्छ, एकले अर्कोलाई सहयोग गर्नुपर्छ । अरूलाई सहयोग गरे पो परेको बेला आफूले पनि सहयोग पाइन्छ । त्यसैले बिन्ती छ हाम्रो समूहमा आऊ । सँगै बसेर सुखदु:ख बाँडौं ।' चमेरो अलि बढी नै घमन्डी थियो । आफ्नो स्वरूप र स्वभाव भिन्दै भएकाले एक्लै पनि जीवन बिताउन सकिन्छ भन्ने ठानेको थियो उसले । त्यसैले चराहरूका आग्रहलाई बेवास्ता गर्दै भन्यो- 'भाइ हो ! तिमीहरूलाई भ्रम भए जस्तो छ । म पक्षी होइन पशु हुँ बुझ्यौ ? पखेटा देखेर आफ्नो समूहको ठानेका हौ भने गल्ती गर्दैछौ । एकपटक पखेटालाई बिर्सेर हेर त कस्तो देखिन्छु ? मुसा जस्तो देखिन्छु यही होइन ? त्यसैले जाऊ आफ्नै समूहमा म आउन सक्दिन ।' चमेरो उत्तर सुनेर पक्षीहरू रिसाए र यस्ता मूर्खसित के कुरा गर्नु भन्दै फर्के । चराहरू फर्केका केही समयपछि पशुहरू आएर भने- 'भाइ चमेरो ! एक्लै छौ जस्तो लाग्यो । एक्लै बसेर जीवन चल्दैन । प्रकृतिले नै सबैलाई एकअर्कामा निर्भर रहनुपर्ने व्यवस्था गरिदिएको छ । ढुङ्गाको भर माटो, माटोको भर ढुङ्गा भन्ने त उखानै छ । संसारमा चाहेर पनि कसैले एक्लै जीवन बिताउन सक्दैन । यस्तो सोच्न थालियो भने एक दिन भोकै मर्नुपर्ने अवस्था आउन सक्छ । तिमीलाई साथीहरूले वास्ता गरेनन् जस्तो छ तर चिन्ता गर्नुपर्दैन । हामी त्यस्तो गर्दैनौँ । आऊ हाम्रो समूहमा । सँगै बसेर सुखदु:ख बाँडेर लिउँला ।' पशुहरूको कुरा पनि चमेरोलाई मन परेन र हकार्दै भन्यो- 'मुर्ख हो ! तिमीहरूजस्ता बुद्धु कोही छैनन् जस्तो लाग्यो । तिमीहरूलाई लागेको होला म पशुकै समूहमा पर्छु तर म पशु नभई पक्षी पो हुँ त । देखेनौ मेरा दुईवटा पखेटा छन् । पखेटा हुने प्राणी पनि पशु हुन सक्छ र तिमीहरूका समूहमा लाग्ने ? सहयोग पाइन्छ कि भनेर आएका होलाऊ तर म पनि त्यति बुद्धु छैन । जाऊ अरू नै कसैलाई मूर्ख बनाऊ । मलाई मेरै संसार प्रिय छ । साथ दिनै परे पक्षीहरूलाई दिउँला नि, जो आफ्नै समूहका छन् ।' उसको कुरा सुनेर पशुहरूले भने- 'भाइ ! तिम्रै भलाइका लागि भनेका हौँ । युद्धरत पक्ष भएकाले सहयोग माग्न आएको जस्तो लागेको होला तर हामी तत्कालको मात्र कुरा गरिरहेका छैनौँ । युद्ध भनेको क्षणिक हो आज छ भोलि हुन्न तर जीवन त्यस्तो हुँदैन । बाँचुन्जेल एकलाई अर्कोको सहयोग चाहिन्छ । ठीकै छ तिम्रो विचार नै त्यस्तै छ भने कर गर्दैनौँ ।' यति भनेर पशुहरू फर्के । नभन्दै केही समयपछि पशु-पक्षीबीचको मनमुटाव सकियो । मनमुटाव सकिनु के थियो युद्ध पनि रोकियो । त्यसपछि दुवै पक्षमा आपसमा मित्रवत व्यवहार गरेर बस्न लागे तर चमेरो भने एक्लै पऱ्यो । कसैले पनि वास्ता नगरेपछि उसलाई जीवन बिताउनै गाह्रो पऱ्यो र पक्षीसमूहमा गएर भन्यो-

'भाइ हो ! हामी एउटै प्रजातिका हौँ । तिमीहरूका पनि पखेटा छन् मेरा पनि । त्यसैले म पनि तिमीहरूका समूहमा आउन चाहन्छु । आशा छ निरास गर्ने छैनौ ।' उसको कुरा सुन्ने बित्तिकै पक्षीहरूलाई रिस उठ्यो । उनीहरूले हकार्दै भने- 'भाइ ! तिमी कहाँ पक्षी हौ र हाम्रो समूहमा लिने ? तिमी आफैँले भनेका होइनौ पक्षीको समूहमा पर्दिन भनेर । जाऊ न पशुहरूकै समूहमा । बेकारमा किचकिच गरी बिथोल्ने काम नगर ।' बल्ल चमेरोलाई गल्ती महसुस भयो । ठूलै गल्ती गरेछु जस्तो पनि लाग्यो तर हिम्मत भने हारेन र पशुहरूको समूहमा गएर भन्यो- 'मित्र हो ! आफू पनि तिमीहरूकै समूहको भएकाले साथ खोज्न आएको हुँ । तिमीहरूकै साथमा रहेर जीवन बिताउन चाहन्छु । आशा छ मेरो आग्रहलाई अस्वीकार गर्ने छैनौ ।' उसको कुरा सुनेर पशुहरूले हाँस्दै भने- 'भाइ ' देखेकै छौ तिम्रा पखेटा छन्, हाम्रा छैनन् । जब हाम्रा शारीरिक संरचान नै अलग छन् भने कसरी हाम्रो समूहमा पछौँ र साथ दिने । यसै पनि तिमीलाई तिम्रै संसार प्रिय छन्, जुन तिमी आफैँले भनेका हौ । त्यसैले हामी तिमीलाई लिन सक्दैनौँ । कसैको साथ चाहिएकै हो भने पक्षीहरूका समूहमा जान सक्छौ ।' त्यसपछि चमेरो पुर्पुरोमा हात राखेर फर्क्यो तर जीवन बिताउने भन्ने कुरो किन सजिलो हुन्थ्यो र । एक दिन अर्को गुफामा बस्ने चमेराहरू उसको गुफामा धावा बोल्न आइपुगे । उसले यताउता हार गुहार पनि लगायो तर कोही पनि सहयोग गर्न आएनन् । त्यसपछि वर्षौंदेखि बस्दै आएको आफ्नो गुफा छाडेर भाग्नुपऱ्यो ।

*-रातोपाटी डटकम*

*प्रकृतिले नै सबैलाई एकअर्कामा निर्भर रहनुपर्ने व्यवस्था गरिदिएको छ । ढुङ्गाको भर माटो, माटोको भर ढुङ्गा भन्ने त उखानै छ । संसारमा चाहेर पनि कसैले एक्लै जीवन बिताउन सक्दैन । यस्तो सोच्न थालियो भने एक दिन भोकै मर्नुपर्ने अवस्था आउन सक्छ । तिमीलाई साथीहरूले वास्ता गरेनन् जस्तो छ तर चिन्ता गर्नुपर्दैन । हामी त्यस्तो गर्दैनौँ । आऊ हाम्रो समूहमा । सँगै बसेर सुखदुःख बाँडेर लिउँला ।' पशुहरूको कुरा पनि चमेरोलाई मन परेन र हकार्दै भन्यो- 'मुर्ख हो ! तिमीहरूजस्ता बुद्धु कोही छैनन् जस्तो लाग्यो । तिमीहरूलाई लागेको होला म पशुकै समूहमा पर्छु तर म पशु नभई पक्षी पो हुँ त । देखेनौ मेरा दुईवटा पखेटा छन् । पखेटा हुने प्राणी पनि पशु हुन सक्छ र तिमीहरूका समूहमा लाग्ने ? सहयोग पाइन्छ कि भनेर आएका होलाऊ तर म पनि त्यति बुद्धु छैन । जाऊ अरू नै कसैलाई मूर्ख बनाऊ । मलाई मेरै संसार प्रिय छ । साथ दिनै परे पक्षीहरूलाई दिउँला नि, जो आफ्नै समूहका छन् ।'*

क्लासिक निबन्ध

लक्ष्मीप्रसाद देवकोटा

# फूल

कविहरू किन फूलतर्फ ज्यादा आकर्षित हुन्छन् ? प्रकृतिमा जस्तै फूल नफुलीकन काव्यमा मधुमासको विलास पाइन्न । सुन्दर रूपको उपमा दिनुपर्यो भने कविजीको कल्पना कुसुमतर्फ खिचिन्छ । सुन्दरताका उपासक कविजीहरू कवितालाई अनेक रङका कुसुमहरूले सिँगार्दछन् । वास्तवमा प्रकृतिको मोहनी मृदुल अधरबाट बोल्दछ । अनन्त सौन्दर्यका झिल्काहरू वसन्तको नवजागृतिमा वसुन्धराउपर छरिन्छन् । फुलेको बगैँचाले हामीलाई भित्र-भित्रै उचाल्दछ । रहस्यको देशबाट आएका वैशाखका पाहुनाहरूले जीवनको निकेतनलाई रमाइलो गराउँछन् । यसकारण सबै कविहरू वसन्तका पुजारी बन्दछन् ।

कविता पनि त शरीरको माटोमा जरा हालेर फुलेको सौन्दर्यको पुष्प मनको जागरण कालमा प्रादर्भाव भएको न हो । त्यो सच्चा कविता हो, जसमा माटोले सौन्दर्यको कोमल रङ लिन्छ र हृदयलाई कहाँ-कहाँ पुर्याउँदछ । सच्चा कवि वसन्तको फूलबारी हो । मानिसले साहित्यमा नै प्रकृतिको उचाइ र सौन्दर्य लिन्छ । नत्र बिचरा मानिस प्रकृतिका फूलबारीमा घस्रेर चल्ने किराको रूपमा देखिन्छ । साहित्यका आदर्शले नै जीवनलाई बीभत्स रूपबाट बचाएका छन् । मानिस पनि एउटा फूलको कोपिला हो, जसमा भावको रङ चढ्दछ, सहृदयताको कोमलता आउँछ, विचारको सङ्गतिद्वारा सौन्दर्य विकासमान हुन्छ र भित्रको सुगन्धले घरबारी मगमगाउँछ । कृष्णजीको नाभिबाट कमल फुलेको छ, कमलका फूलमा चार वेद हातमा लिएका ब्रह्माजी प्रादुर्भूत हुनुभएको छ । हरेक फूलमा नजर भएकालाई चारै वेद फुलेका छन् । हेर यो गुलाब । एकान्तमा हृदय अगाडि यसले हजार कलिला ओठ खोलेर बोल्दछ । कालो, खस्रो गन्हाउने माटोबाट यो सौन्दर्य, यो सुवास कसरी आयो । कुन गहिराइबाट यो अर्को रङ, यो अनुपम कोमलता । कुन जादुले हरिया काँढावाल बोटको श्रीपेच गराएर यस सौन्दर्यको लाली चढायो । कुन स्थिति, कुन नियमले आविष्कार गयो- पत्तीहरूको यो कारीगरी, यो मिलाप, यो फुकाइ, यो लच्कँदा बाटुला घेरा, यो सूक्ष्म शरीर, यी मसिना मधुर धर्सा र धर्का, यो स्थानको औचित्य र प्रफुल्लताको वैचित्र्य । फेरि खरिलो कलिलो डाँठउपरको लच्काइ ! यो परागकेन्द्रको मिहिन तमासा । हावा र धामतर्फको यो उत्सुक बढाइ कुन सूक्ष्म चैतन्यले दिइरहेछ । यी हरिया पातहरूको घरमा प्रलयसमीरको भुलौनामा केले हल्लाईहल्लाई हँसाइरहेछ । यो पवित्र सजीव चाल र बाललीलाको सरसता र जीवनको तिलस्मी नाटकको खेल हो । फेरि यो मधुर सुगन्ध, मानौं त्यही सुन्दर रूपको सूक्ष्म सार, कुन जलको अगोचर बाफ उठेको हो, कुन हृदयको भाव वायुमण्डलमा फैलिरहेको हो ! अहा ! यसलाई कुन अविदित हातले स्पर्श गरेर खिलायो । पृथ्वीको वक्ष-स्थलमा दूध चुसिरहेको यो शिशु, वसन्तको प्रवाहमा श्वास फेरिरहेछ । यसले यो मुस्कान कहाँबाट चोयो । यो कहाँको झल्का देखिएको हो । उषा र साँझको लालीले रङ्गिनको भाव झैं यो फूल मेरो नजरसामुन्ने छ । म यसलाई हेरिरहेछु, अन्तमा छालहरू हृदय छुँदै छचल्किन्छन्, म कहाँ-कहाँ पुग्दछु । सिर्जनाको पहिलो हरियो रङ फैलिदा यो कसको साथमा पृथ्वीको वाटिकामा आएथ्यो । कहाँ अल्पिन्छ यो रङ्गिन छाया, कहाँबाट फेरि झल्किन्छ । फूलमा सौन्दर्यसँग सजीवता मिलेको छ । घरको, पहाडको, आकाशको, पृथ्वीको सुन्दरतामा ज्यान नभएको जस्तो लाग्छ, तर पृथ्वीलाई रङ्गीचङ्गी जीवनको चाल दिने फूलहरू हुन्, आकाशको एकोहोरो गाम्भीर्यमा सजीव गौरवको चाल थप्ने आकाशैका मोती फूलहरू हुन्, अथवा ती सुनौला गुलाबी फूल जसलाई हामी बादल भन्दछौं । सुन्दर प्रभात गुलाबको फूल भएर फुल्दछ, मनोहर सन्ध्यामा गुलाब र सुनगाभा मिसिन्छ । प्रकृतिका सुन्दर दृश्यमा फूलहरूमा झैं तीन विशेषता देखिन्छन्, रङको लालित्य, हृदयस्पर्शी कोमलता र अङ्गसङ्गतिको विचित्र माधुर्य । सबै राम्रा चित्रहरू चित्रकारको मगजका फूलहरू हुन् । रङ भर्न खोज्नेलाई फूलहरूमा सब किसिमका रङ र छाँट मिल्दछन्- फीका गाढा, मिहिन, चड्का, हलुका गहिरा, तर फूलहरूमा सरस चाल छन् । यी सजीवताको माधुर्य सबै चीजमा पाइन्न, कुनै चीजमा यो वैचित्र्य लिएको देखिन्न । चित्रमा सौन्दर्यको यो चलेको जिउँदोपन पाइन्न । सजीव सौन्दर्य त्यहीं छ फूलको मोहनी अहा ! भँवराले गुलियो रस चुसिरहेछ । म अर्को अमृत पिइरहेछु, अर्कै विचित्र मादक रस । एक अंग्रेजी कवि भन्दछन्, 'सौन्दर्यको चीज सधैंको आनन्द हुन्छ । सुन्दर चीज कहिल्यै मर्दैनन् । आज जुन गुलाब फुलिरहेछ, त्यसलाई परिवर्तनको हातले छुँदैन । मेरो नजरद्वारा हृदयमा घुसेर सधैँ हाँसिरहन्छ । फूलबारीमा समय र अवकाशले परिबद्ध थियो, हृदयको वाटिकामा यसले ऋतु र स्थानको सीमा नाघ्दछ । पृथ्वीमा तुसारो परोस् तर मभित्र यसलाई प्रेमको अमर वसन्त छ जुन रूपमा देखिएथ्यो, उही रूपमा फुलिरहनेछ । मानिसको जीवनलाई फूलहरूले रङ्गाइरहेछन्, खुश्बू दिइरहेछन् । फूलहरूले हृदयलाई सुन्दरतिर खिचिरहेछन् । यिनीहरूद्वारा हामी त्यस सौन्दर्यको देशमा पस्तछौं, यहाँ हरेक कदममा विचित्र आनन्द छ । परमानन्दको आभास फूलको मुहारमा झल्कन्छ । फूल देखेर मानिस आृनो असुन्दर जीवनउपर शरम मान्दछ । मेरो हृदय सुन्दर रूप लिएर फुल्न खोज्दछ, तर साधारण मूल सडकको मैला छारोले यसलाई दिनदिनै मैल्याइरहेछ, धूलोले छाइरहेछ । मेरो फुल्ने आकांक्षा फुट्न नपाएको कोपिला भइरहेछ । मेरो विकासलाई अनेक धन्दाले हावा छेकिरहेछन् । म बाहिर निस्कन छटपटाइरहेछु, तर मेरो जरामा कीराले शिकार खेलिरहेछ, मभित्र फुल्ने सम्भावना रहेको छ, तर कोपिलैमा वैलाउन लागिरहेछु । आफ्नो असुन्दर जीवनमा म घृणा मान्दछु, जब म प्रफुल्लित फूलको सौन्दर्य देख्दछु । हे मानिस' फूलसँग आफ्नो जीवनको महान् उपदेश सिक, हृदयमा कोमलतालाई अवकाश देऊह सुन्दर भावहरूको रङ चढाऊ, भित्री जीवनमा त्यो दिव्य सङ्गति त्यो लयदार मिलाप आउन देऊ । हामी फूलहरूलाई हेर्दा सजिलैसँग फुलेजस्तो मान्दछौं । तर यिनको विकासलाई प्रशस्त समय र प्रयास चाहिएको थियो ! अघिल्लो वर्षको हावाले छरेको एउटा सानो बीज माटोभित्र कतातिर लुकिरहेको थियो, हिउँदको शासना खाएर तुषारोमनि यसले जागृतिको काल पर्खिरहेको थियो । अब उचित समयमा यो आच्छन्न जीवनशक्तिले, माटोको कलिलो अवस्थामा मौका पाएर खुला घाम हावातर्फ यो उज्यालो जगत्तिर फैलिन कोशिस गर्यो । माटोतल जरा हाल्दै बलियो जग बसाल्दै गयो । माथितिर ढीलो नथामिने उद्योगले माटोको रोकावट छिचोल्दै पृथ्वीको गर्भबाट पैदा भयो । तब हावामा सास फेर्दै, जल पिउँदै अब्बल माटोको पोषक पदार्थको स्वाद लिँदै यो सानो अङ्कुरले सूर्य र चन्द्रमनि हरियो रङ लिएर उचाइ र फैलावट लिन थाल्यो । तब दिन-दिन बढ्दै फैलिँदै यसले यो रूप लियो, यस्ता पातहरू फैलायो, यी काँढाहरू जीवनका संरक्षक शस्त्र झैं निकाल्यो र तब वसन्तलाई सुस्वागत गरेर एउटा झीनो डाँठको टुप्पामा सानो गिर्खा निकाल्यो, त्यसलाई बढायो, रङ चढायो, फुकायो, उचाल्यो, फैलायो । हेर, यो मनोहर गुलाबको सौन्दर्य । यो पनि परिश्रमको उज्यालो श्रीपेच हो। बीजको फूलतर्फ बढ्ने कोशिशमा मानवसभ्यताको तसवीर खिचिएको छ । यी फूलहरू पनि सबै प्राणी जस्तै सन्तान पैदा गर्दछन् । यिनमा पनि भाले पोथीको नैसर्गिक भेदले विचित्र क्रिया पैदा गर्दछ । मानिसको जीवनमा प्रेमको जुन स्थान छ, यिनको समाजमा पनि सुगन्धको उही स्थान छ । यिनको सुवासमा परस्पराकर्षण शक्ति छ । हावाले उडाएर दूर-दूरसम्म यो सौरभ फैलिन्छ र पोथीहरूमा मधुर रोमाञ्च पैदा गर्दछ । यिनीहरूमा पनि प्रफुल्लित हुने हृदय छ, स्पर्शको आनन्द लिने इन्द्रिय छ । जीवनको जादुले यिनलाई छोएको छ । यी सुकुमार परीहरू मलयसमीरको प्रभाव याद पाउँछन्, वसन्तले यिनलाई पनि मोहनी लगाउँछन् । त्यही समय, अरूले पालुवाको पर्दा उठाएर पछीलीलालाई स्थान दिन्छ, मानिसको छातीलाई के गरी के गरी समाउँछ, त्यसैले यिनलाई पनि पुलकित गराउँछ । अहो । यो जीवनको वैचित्र्य, यो अद्भुत तमाशा । अहो ! यो विचार गर यो सब इन्द्रजाल, त्यो सानो आँखाले नभेट्टाउने जस्तो बीउको दानामा लुकेर काम गरिरहेको थियो ? यो फैलावट, यो जीवनको गौरव त्यसभित्र कसरी अटायो ? यो स्पन्दन र यो कम्पन कुन सूक्ष्म रूपले त्यो बीजको कुन गहिराइमा लयदार चालमा हलुका तवरले झल्किरहेको थियो । तर यिनीहरू पनि परिवर्तनका चक्करमा घुमिरहेका छन् । छओटा डण्डी भएको पाङग्राको एक-एक चक्करमा यिनीहरू एक-एकबाजी झल्केर जान्छन् । जाति स्थिर रहन्छ, व्यक्तिको बुँद-बूँद अविरल धारामा बराबर फुल्छ, फुट्छ, हराउँछ । यो फूल झर्दछ, तर फूल न वैलिन्छ, न मर्दछ । चन्द्रमाका कला झै प्रकृतिको स्थितिमा यो कुनचाहिँ कला हो ? संसारलाई रहस्यले छाइरहेछ । हामीलाई हेर्न र आश्चर्य मान्न दिएको छ । हृदयमा संसारको सूक्ष्म चित्र रहन्छ । उज्यालो रजनीको जुनेली हावाको रस शीतको थोपामा जमेर फूलमा झल्किएझैं हृदयमा संसारको वैचित्र्य झल्कन्छ । हाम्रो हृदय नवीन चैतन्यको प्रभातमा मुस्कुराएर उठ्दछ । यो रङ र रूप, रस र गन्धको अनौठो खेलमा केही सार छैन ? हामी भन्दछौं यो सब नजरको भ्रम हो । तर यसो भन्नाले हाम्रो जनरको सानो पहुँच देखाउँछ । तिनीमा पनि सत्य र सौन्दर्यको सूक्ष्म आभास छ । नत्र मानिसको कविता एउटा अल्पी तरङ्गको निस्सार ताना हुने थियो । दृष्टिगोचर जगत् सपना होइन विपना हो । परिवर्तनको खेलभित्र भए तापनि यसमा असीम र परमसुन्दर विचित्र झल्काहरू छन् । जुन सौन्दर्य म एउटा फूलमा देख्दछु, त्यही म मानिसको मुखमा, स्त्रीजातिको लावण्यमा पनि देख्दछु । संसारलाई सौन्दर्यका लहरीहरूले रङ्गाइरहेका छन् । त्यो अनन्त सौन्दर्यलाई हरेक फूल, हरेक सुन्दर वस्तुले द्वार खुला गरिरहेछ, मानिसको हृदय यिनद्वारा सुन्दरको विचित्र देशभित्र पस्तछ । पवित्र जीवनको सौन्दर्य फूलको नातादार हो । रूप र रङको सौन्दर्यले मानिसलाई मुटुमा छुन्छ । कविको उन्माद बहुलठ्ठी होइन, सच्चा कवि भनेको सौन्दर्यवाटिकाको भमरो हो । उसको भुनभुनमा पनि मानिसलाई उत्थान र पवित्र आनन्दको सङ्गीत छ । सुन्दर सन्देश जीवनको सच्चा पौष्टिक व्यञ्जन हो ।

*-साहित्यपोस्ट डटकम*

# लुम्बिनीमा मन्त्रालय फुटाएर १२ पुऱ्याइयो




**दाङ,** वैशाख १२/लुम्बिनी प्रदेश सरकारमा गठबन्धन दलबीच भागबण्डा मिलाउन मन्त्रालय फुटाएर १२ पुऱ्याइएको छ । मुख्यमन्त्री जोखबहादुर महराले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १० मन्त्रालय रहेको लुम्बिनीमा भागबन्डा मिलाउन मन्त्रालय फुटालेर १२ पुऱ्याएका हुन् ।

बुधबार दिउँसो मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मन्त्रिपरिषद्को बैठकले मन्त्रालयको संख्या बढाउने निर्णय गरेको हो । मन्त्रालय फुटालेर दुईवटा नयाँ बनाइएको छ । मुख्यमन्त्री महराले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र महिला बाल बालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय थपेका छन् । मन्त्रालय थपेर मुख्यमन्त्री महराले विनाविभागीय मन्त्रीहरूलाई जिम्मेवारी समेत तोकेका छन् । जसमा एमालेबाट गुल्मी निर्वाचन क्षेत्र २ (२) का सांसद दिनेश पन्थीलाई आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय, कपिलवस्तु निर्वाचन ३ (१) का सांसद अर्जुनकुमार केसीलाई वन तथा वातावरण मन्त्रालय, रुपन्देही निर्वाचन क्षेत्र ५ (१) का सांसद भूमीश्वर ढकाललाई सहरी तथा खानेपानी मन्त्रालय र बाँके निर्वाचन क्षेत्र ३ (१) का सांसद रत्नबहादुर खत्रीलाई सामाजिक विकास मन्त्रालयको जिम्मेवारी तोकिएको छ ।

नागरिक उन्मुक्ति पार्टी, संसदीय दलका नेता बर्दिया निर्वाचन क्षेत्र २ (२) सांसद धर्मबहादुर चौधरीलाई भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय र नवलपरासीका निर्वाचन क्षेत्र २ (१) का स्वतन्त्र सांसद खड्क बस्नेतलाई पर्यटन, उद्योग तथा सहरकारी मन्त्रालयको जिम्मेवारी तोकिएको छ । एमालेबाट चेतनारायण आचार्यलाई आर्थिक मामिला तथा योजना मन्त्रालय, माओवादीबाट दीपेन्द्रकुमार पुन मगरलाई सरकारको प्रवक्ता तथा स्वास्थ्य मन्त्रालय र जसपका भण्डारीलाल अहिरलाई कृषि तथा भूमि व्यवस्था मन्त्रालयको जिम्मेवारी गत बिहीबार नै तोकिएको थियो । मुख्यमन्त्री नियुक्त हुनुअघि चैत २२ गतेको ७ बुँदे सहमतिलाई मुख्यमन्त्री महराले पालना नगरेको भन्दै मन्त्री अहिरले आइतबार पदबाट राजीनामा दिएर जसपा सरकारबाट बाहिरिएको थियो । अहिरले मन्त्री पदबाट राजीनामा दिएपछि ११ सदस्यीय मन्त्रीको नामावलीमा उनको नाम कृषिमन्त्रीमै रहेको छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय नेकपा एसकी भगवती अधिकारीलाई दिइएको छ । मुख्यमन्त्री महराले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मुख्यमन्त्री महराले आफैं राखेका छन् ।

# निसीखोलाका असला माछा...

...'अहिले खोलामा विष हाल्ने काम बन्द भए पनि करेन्ट लगाउँदा यहाँका स्थानीय प्रजातीका असला माछा लोप हुन थालेको पाइयो', पुनले भने, 'माछा मारेरै जीविका चलाउने विस्थापित हुँदैछन्, करेन्ट लगाएर माछा मार्दा माछा उत्पादन घट्ने र आगामी दिनमा माछा लोप भएर जाने अवस्था छ ।'

दश वर्ष माछा मार्दै आएको आफू जस्ता युवापुस्ता विदेश जानुपर्ने बाध्यता परेको उनले सुनाए । उनका अनुसार अहिले दिनभर खोलामा जाल हान्न गए पनि साँझ रित्तो हात फर्कनुपर्ने अवस्था छ । पुनले रातको समयमा बुर्तिबाङबाट आएर निसीखोलामा करेन्ट लगाएर माछा मार्दा माछाको भ्रुणसमेत मर्ने भएकाले माछा लोप हुने अवस्थामा पुगेको गुनासो गरे । जाल थापेर स्थानीयवासीले माछा मार्दै आए पनि टाढा-टाढाबाट रातको समयमा आएर विष र करेन्ट लगाउँदा माछा उत्पादनमा भारी गिरावट आएको निसीखोलाका स्थानीयवासीले गुनासो गर्दै आएका छन् । निसीखोलाको असला माछा निकै स्वादिष्ट हुने भएकाले चोरी सिकारी बढ्न थालेको स्थानीय भरत पुन मगरले बताए । निसीखोलाको माछा संरक्षणमा स्थानीय पालिकाले चासो नदिएको उनको गुनासो छ । 'गाउँपालिकाले असला माछा संरक्षणमा जोड दिन आवश्यक रहेको छ, यहाँका स्थानीयवासीले जाल हानेर माछा मारेर जीविकोपार्जन गर्दै आएका छन्, उनीहरुको रोजीरोटी गुम्दै आएको छ', स्थानीय पुनले भने, 'गाउँपालिकाले करेन्ट लगाएर माछा मार्ने कार्यलाई पूर्णरुपमा निषेध गर्न जरुरी छ, निसीखोला गाउँपालिकाका असला माछा संरक्षण गरेर यहाँका स्थानीयवासीले पहिचानको रुपमा लिन आवश्यक छ ।' निसीखोलामा अवैध रुपमा माछा मार्ने कार्य नरोकिएको गाउँपालिकाका उपाध्यक्ष प्रेमबहादुर घर्ती मगरले बताए । उनका अनुसार गाउँपालिकाले निसीखोलाका माछालाई पहिचानका रुपमा लिन थालेर अनुगमनलाई कडाइ गर्न थालिएको छ ।

'खोलामा अनुगमन गर्न थालेका छौं, प्रहरीलाई समेत निगरानी गर्न भनेका छौं, एक हप्ताअघि करेन्ट लगाएर माछा मार्नेलाई पक्राउ गरेर प्रहरीलाई बुझाएका थियौं', उपाध्यक्ष मगरले भने, 'आगामी दिनमा गाउँपालिकाको योजनामा माछा संरक्षणको नीति तथा कार्यक्रम ल्याउने योजनामा छौं, स्थानीयवासीको गुनासोसमेत आएकाले अवैध माछा मार्नेलाई कडा कारबाही गर्छौं ।' निसीखोला र तमानखोलामा पछिल्लो समय माछा उत्पादन घट्न थालेको छ । असला माछाका लागि निसीखोला, दरमखोला, तमानखोला र बडिगाड खोला प्रसिद्ध छन् । *-रासस*

# आज विश्व औलो...

...यसको रोकथाम गर्न समयमा खोप, आवश्यक औषधोपचार तथा घरभित्र वा बाहिर सुत्दा अनिवार्य झूलको प्रयोग महत्वपूर्ण मानिएको छ ।

नेपालले विश्व समुदायमा गरेको प्रतिबद्धताअनुसार सन् २०२५ सम्म औलो निवारण गर्ने अतिमहत्वकांक्षी लक्ष्य लिएको छ । यसमा पनि स्थानीय औलोका बिरामी र औलोबाट हुने मृत्युलाई शून्यमा झार्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लक्ष्य निर्धारण गरेको छ ।

नेपालमा विगत एक सय वर्षदेखि औलोको समस्या देखिँदै आएको जनाइएको छ । यस रोगका बिरामीमा पक्षघात र मष्तिस्काघातको जोखिम हुने गर्दछ । चिकित्सकका अनुसार औलो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने सरुवा रोग हो ।

औलो संक्रक्रमित 'एनोफिलस' जातको पोथी लामखुट्टेको टोकाइबाट लाग्ने रोग हो । गर्मी र वर्षायाममा लामखुट्टेको टोकाइबाट बच्न चिकित्सकको सुझाव छ ।

## खेलकुद समाचार

# गण्डकीको दोस्रो जित



**काठमाडौं,** बैशाख १२/वीर गणेशमान सिंह टी-२० राष्ट्रिय क्रिकेट च्याम्पियनसिपको आफ्नो पछिल्लो खेलमा गण्डकी प्रदेशले सफलता हात पारेको छ । काठमाडौंस्थित मुलपानी क्रिकेट मैदानमा बुधबार भएको खेलमा गण्डकी प्रदेशले कोशी प्रदेशलाई चार विकेटले हराएको हो । वीर गणेशमान सिंह स्पोर्टस कमिटीद्वारा आयोजित प्रतियोगितामा गण्डकी प्रदेशले हासिल गरेको यो दोस्रो जित हो ।

चार खेलमा भने गण्डकी प्रदेश पराजित भएको छ । ६ खेल खेलेको गण्डकी प्रदेश चार अंकसहित तालिकाको छैटौं स्थानमा छ । जारी प्रतियोगितामा अत्यन्तै निराशाजनक प्रदेर्शन गरेको कोशी प्रदेशको यो लगातार पाँचौं हार हो । हालसम्म खाता खोल्न नसकेको कोशी प्रदेश अंक तालिकामा सबैभन्दा तल छ । कोशी प्रदेशको टोली बागमती, लुम्बिनी, सुदूरपश्चिम, मधेश र गण्डकी प्रदेशसँग पराजित भइसकेको छ । बुधबारको खेलमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको कोशी प्रदेशले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ५५ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको गण्डकी प्रदेशले भने १९.५ ओभरमा ६ विकेट गुमाएर एक सय ५९ रन बनाउँदै विजयलक्ष्य पार गऱ्यो । गण्डकी प्रदेशको जितमा दिनेश बुढामगरले ३३ रनको योगदान गरे । चौथो नम्बरमा क्रिज समाल्न आएका उनले २४ बलको सामना गरी पाँच चौका पनि हिर्काएका थिए । सोही योगदानका कारण उनी प्लेयर अफ दी म्याच पनि घोषित भए । ओपनर ब्याट्सम्यान ईश्वर क्षेत्रीले २५ र अर्जुन कुमालले २४ रन बनाए । ईश्वरले २३ बलमा एक छक्का र तीन चौका तथा अर्जुनले १४ बलमा एक छक्का र तीन चौका प्रहार गरे । अर्जुन रायमाझीले अविजित २३ र कप्तान विपिन खत्रीले अविजित १८ रन जोडे । दीपक डुम्रेले पनि १८ रन बनाएका थिए । अमृत गुरुङले टोलीको खातामा १२ रन थपे । कोशी प्रदेशका बलर प्रकाश कार्कीले दुई विकेट लिए । उनले चार ओभरमा २७ रन खर्चिए । श्रवण यादब, दीपेश कँडेल, ज्ञानेन्द्र श्रेष्ठ र श्रवण किस्कुले एक-एक विकेट हात पारे । त्यसअघि पहिले ब्याटिङ गरेको कोशी प्रदेशका लागि दुवै ओपनर ब्याट्सम्यानले उत्कृष्ट प्रदर्शन गरेका थिए । मिनाष थापा र सोनु अन्सारीले ७० रनको साझेदारी गरे । मिनाषले ४३ र सोनुले ४४ रन बनाए । मिनाषले ३६ बलमा एक छक्का र ६ चौका तथा सोनुले ३५ बलमा ६ चौका प्रहार गरे । कप्तान अंकित सुवेदीले पनि टोलीको खातामा ३२ रन थपे । उनले २६ बलमा चार चौका प्रहार गरेका थिए । श्रवण यादब २१ रनमा अविजित रहे । दीपेश कँडेलले १० रन बटुले । गण्डकीका बलर सुवाष भण्डारीले तीन तथा विपिन खत्री र अमृत गुरुङले एक/एक विकेट लिए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा सामान्य वृद्धि



**पाल्पा,** बैशाख १२/नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सामान्य अंकको वृद्धि भएको छ । कारोबार खुलेदेखि उतारचढाव भएको नेप्से परिसूचक अन्तिम समयमा बढेर बन्द भएको हो ।

बुधबार परिसूचक ०.१५ अंकले बढेर बन्द भएको छ । सामान्य अंकको वृद्धिसँगै नेप्से परिसूचक १९६९ अंकमा पुगेर रोकिएको छ । यसक्रममा १ सय १३ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने १ सय १७ कम्पनीको सेयर मूल्य घटेको छ ।

यस्तै १५ वटा कम्पनीको मूल्य स्थिर कायम भएको छ । बुधबार नेप्सेमा २ अर्ब ५३ करोड रुपैयाँ बराबरको ७२ लाख ८४ हजार कित्ता सेयर किनबेच भएको छ । परिसूचकमा सामान्य वृद्धि आएपनि २ कम्पनीको सेयर मूल्य बढेको छ । पोखरा फाइनान्स र गुराँस लघुवित्त वित्तीय संस्थाको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो ।

दुई कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा माइखोला हाइड्रोपावरको सेयर मूल्य भने ७.८४ प्रतिशतले घटेको छ । यसक्रममा बुधबार कारोबारमा आएका १३ वटा समूहमध्ये ३ समूहको सूचक बढेको छ । बाँकी सबै समूहको सूचकमा गिरावट आएको छ ।

# भैरव मन्दिरको वास्तु पूजा

**पाल्पा,** वैशाख १२/ जिल्ला रिब्दीकोट गाउँपालिका-४, भैरवस्थानस्थित पाल्पा भैरव मन्दिरको वास्तु पुजा गरिएको छ । साप्तिक र तान्त्रिक विधिद्वारा मन्दिरको वास्तु पूजा गरिएको हो ।

पूनर्निमाणपछि विविध कारणले रोकिएको पूजा बुधबार विधिपूर्वक गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गोविन्दबहादुर पोखरेलले बताए । उनका अनुसार ५ जना पण्डितमार्फत पूजा गरिएको हो । मन्दिरको गत वर्ष पूनर्निमार्णको काम सकिए पनि कोरोना महामारी र केही प्राविधिक समस्याका कारण अहिले आएर वास्तु पूजा गरिएको अध्यक्ष पोखरेलले बताए । कुनै पनि घर वा भवन बनाउदा होस् वा त्यसको पुनर्निर्माण गर्दा किन नहोस् वास्तु पूजा गर्ने चलन रहेको छ । घर, भवन विधिवत् वास्तुशास्त्रअनुसार अगाडि बढायो भने त्यसको सकारात्मक प्रभावले जीवनमा आनन्द, सुख, शान्ति, समृद्धि प्राप्ति हुने विश्वास रहेको छ । भैरव मन्दिर आफैमा धार्मिक र ऐतिहासिक पर्यटकीय स्थल हो । धार्मिक आस्था बोकेका मानिसहरु मन्दिरमा दर्शन गर्ने र दुःखसुखमा देवीलाई पुकारा गर्छन् । यहाँ दैनिक एक हजार भक्तजनले मन्दिरमा दर्शन गर्दै आएका छन् ।

सेन वंशका राजा मुकुन्द सेन प्रथमले आफ्नो राज्य विस्तार गर्ने क्रममा पूर्वका काशी र पश्चिममा हरिद्वारसम्म फैलिएको थियो । काठमाडौं खाल्डोमा विसं १५१५ मा आक्रमण गर्दा मच्छिन्द्रनाथको विहारको पटाङ्गीनीमा रहेको भैरवको मूर्ति ल्याएर स्थापना गरेको मानिन्छ । भैरव मन्दिरको माथिल्लो तलामा सर्वसाधारणको दर्शनार्थ कीर्तमुख भैरवको स्थापना गरिएको छ ।

खास भैरवलाई सर्वसाधारणले हेर्न हुँदैन भन्ने मान्यता छ । सो भैरव मूर्ति भुइँतलामा छ । बगलमा कालीको मूर्ति छ । मन्दिरमा भाक्कल पुजा, क्षमापुजा, पञ्चबली पुजा हुन्छ । यहाँ प्रसादको रुपमा चढाइने रोटको विशेष महत्व हुन्छ । नेपाली एकीकरणका समयमा पाल्पाका सेन राजालाई शक्तिशाली राज्यका रुपमा मानिन्छ । सेन राजाका पालामा भैरव मन्दिर स्थापित भएको हो । स्थानीय बासिन्दाले रोट पकाउने तथा मन्दिरमा चढाउने सामग्रीको कारोबारबाट रोजगारी तथा स्वरोजागर सिर्जना हुँदै आएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई